> निर्वाचनपश्चात् वैशाख ११ गतेको केन्द्रीय कार्यसमितिको समीक्षा बैठकमा ७ केन्द्रीय सदस्यले निर्वाचनको विस्तृत समीक्षा गर्दै पार्टी पुनर्निर्माणका सन्दर्भमा प्रस्तावसहित ५१ पृष्ठ लामो प्रतिवेदन बहसका लागि पेस गरेका थिए।

## कांग्रेस जिल्ला सभापति भेला

# नेतृत्वको आलोचनामा समय खर्चिंदै जिल्ला सभापति



**रोशन पराजुली, हेटौंडा**

हेटौंडामा जारी नेपाली कांग्रेसका जिल्ला सभापतिहरूको चौथो राष्ट्रिय भेलामा पार्टी सभापतिको समर्थन र विरोधका स्वरसहित केन्द्रीय नेता र भ्रातृ संगठनमा मुद्दाका विषयमा ध्यानाकर्षणका पत्रैपत्र प्रस्तुत भएका छन्। भेलामा बोल्ने जिल्ला सभापतिहरूले पार्टीलाई अगाडि बढाउने सुझावको साटो आफूहरूलाई अधिकार दिनुपर्ने जिकिर गरेका छन्।

पार्टी निकट नेपाल विद्यार्थी संघका ४ उपाध्यक्ष र महामन्त्रीले केन्द्रीय अधिवेशन गराउन माग गर्दै कांग्रेस सभापति शेरबहादुर देउवालाई ध्यानाकषर्णपत्र दिएका छन्। अधिवेशन जिल्ला तथा अन्य सबै तहमा गर्नुपर्ने भन्दै उनीहरूले सम्पूर्ण जिल्लाका सभापतिलाई उक्त वातावरण बनाउन आग्रह गरेका हुन्। उता, कांग्रेसका ८ केन्द्रीय सदस्यले जिल्ला सभापतिहरूलाई पत्र लेखी नयाँ संरचनाअनुसार तत्काल अधिवेशन गरी नेतृत्व चयनका विषयमा छलफल गराउन अनुरोध गरेका छन्। ती ८ केन्द्रीय सदस्यले सैद्धान्तिक र वैचारिक पुनर्व्याख्या, सांगठनिक पुनर्संरचना र नेतृत्व परिवर्तनका विषयमा गम्भीर छलफल गर्न र प्रदेश र स्थानीय तहमा अधिवेशन माग गर्न भन्दै जिल्ला सभापतिहरूलाई आग्रह गरेका हुन्।

केन्द्रीय सदस्य चन्द्र भण्डारी, धनराज गुरुङ, गगन थापा, जीवन परियार, गुरुराज घिमिरे, प्रदीप पौडेल, रामकृष्ण यादव र किरण यादवले जिल्ला सभापतिहरूलाई पत्र लेख्दै पार्टीलाई तत्काल संघीय संरचनामा लगेर वडा, गाउँ/नगर, प्रदेश र संघ सबै तहमा सवल सरकार वा छाया सरकारको भूमिका खेल्न सक्ने नेतृत्व स्थापित गर्नु आवश्यक भएको भन्दै भेलामा विषय उठाउन अनुरोध गरेका हुन्।

पार्टीको सैद्धान्तिक र सांगठनिक खाका कोर्न तत्काल महासमिति हुँदै महाधिवेशन प्रक्रिया अगाडि बढाउन जिल्ला सभापतिहरूको हेटौंडा भेलाले महत्त्वपूर्ण बाटो देखाउन सक्ने उनीहरूले विश्वास छ।

प्राविधिक कारणले मात्र निर्वाचन नहारिएको भन्दै राजनीतिक विचार र सिद्धान्तले विजय प्राप्त गर्दैंगर्दा राजनीतिक युद्ध जिते पनि चुनावी लडाइँ हारिएको तर्क पत्रमा उल्लेख छ। निर्वाचनपश्चात् वैशाख ११ गतेको केन्द्रीय कार्यसमितिको समीक्षा बैठकमा ७ केन्द्रीय सदस्यले निर्वाचनको विस्तृत समीक्षा गर्दै पार्टी पुनर्निर्माणका सन्दर्भमा प्रस्तावसहित ५१ पृष्ठ लामो प्रतिवेदन बहसका लागि पेस गरेका थिए।

भेलामा बागलुङ सभापति दीपेन्द्रबहादुर थापा, लमजुङ सभापति भेषबहादुर पौडेल, इलामका सभापति हिमाल कर्माचार्य, चितवन सभापति जितनारायण श्रेष्ठ, दोलखा सभापति रुद्रबहादुर खड्का, रामेछाप सभापति लवश्री न्यौपाने, तेह्रथुम सभापति गोविन्द ढुंगाना, रुकुम सभापति प्रेमप्रसाद ओली, कास्की सभापति कृष्ण केसी, कालीकोट सभापति हर्षबहादुर बम, बाजुरा सभापति कविराज पण्डित, भोजपुर सभापति नन्दमणि राईलगायत तीन दर्जन सभापतिहरूले आफ्ना धारणा राख्नुभएको छ। देशका सबै जिल्लाका कांग्रेस सभापतिको भेला मंगलबारदेखि हेटौंडामा जारी छ।

## नेपाल–चीनबीच
# विभिन्न परियोजनामा सम्झौता

**नेपाल समाचारपत्र**
काठमाडौं

छिमेकी मुलुक चीन र नेपालबीच मुलुकको ऊर्जा, सिँचाइ, सिमेन्ट र फलफूल उद्योगसहित पस्मिना खरिदलगायतका विभिन्न ८ परियोजनाबारे महत्त्वपूर्ण सम्झौता भएको छ।

करिब ९ सय मेगावाटका विभिन्न ४ विद्युतीय आयोजना निर्माणबारे चिनियाँ पक्षसँग सम्झौता भएको हो। ६ सय मेगावाटको माथिल्लो मर्स्याङ्दी-२, १ सय ६४ मेगावाटको कालीगण्डकी गर्ज, ७५ मेगावाटको त्रिशूली गल्छी र ४० दशमलव २७ मेगावाटको सुपर न्यादी विद्युतीय परियोजना चिनियाँ सहयोगमा बन्ने निधो भएको हो।

बेइजिङस्थित नेपाली दूतावासमा आयोजित विशेष कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा दुवै मुलुकका निजी क्षेत्रबीच यस्तो सम्झौता भएको परराष्ट्र मन्त्रालयले जनाएको छ। त्यसै गरी दुवै मुलुक जोड्ने गल्छी-रसुवागढी-केरुङ ४ सय केभी अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्नेबारे पनि समझदारी भएको छ।

सो समझदारीपत्रमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र स्टेट ग्रिड कर्पोरेसन अफ चाइनाका प्रतिनिधिबीच हस्ताक्षर भएको बताइएको छ। करिब १ सय ६० किलोमिटर लामो प्रसारण लाइन गल्छी (रातमाटे) देखि चीनको केरुङसम्म निर्माण हुनेछ। धादिङमा दैनिक ३ हजार मेट्रिक टन सिमेन्ट उत्पादन गर्ने हुवासिन सिमेन्ट उद्योग स्थापना गर्न लगानी बोर्ड र सो सिमेन्ट उद्योगबीच हस्ताक्षर भएको छ। १४ अर्ब ४० करोड लगानीमा स्थापना हुने सिमेन्ट उद्योगमा १ हजार नेपालीले रोजगारको अवसर पाउने र आगामी ६ महिनाभित्रैमा उद्योग सञ्चालनमा आउने दाबी गरिएको छ।

लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत महाप्रसाद अधिकारी र हुवासिनका तर्फबाट उपाध्यक्ष सू गाङले यसबारेको समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको हो। यसअघि चिनियाँ र नेपाली लगानीकर्ताको संयुक्त लगानीमा नवलपरासीमा होङ्सी शिवम् सिमेन्ट उद्योग सञ्चालनको तयारीमा छ। सो उद्योग सञ्चालनका लागि ३६ अर्ब चिनियाँ लगानी भित्रिसकेको छ।

न्यूनतम २ लाखदेखि ५ लाख थान नेपाली पस्मिना खरिद गर्नेबारे पनि बुधबार नेपालले चिनियाँ पक्षसँग सम्झौता गरेको छ। नेपाल पस्मिना उद्योग संघ र चिनियाँ बेल्ट एन्ड रोड (बीआरआई) परियोजनाअन्तर्गत अन्तर्राष्ट्रिय व्यापार प्लेटफर्मबीच यस्तो सम्झौता भएको हो।

पूर्वी तराईका विभिन्न भेगमा सिँचाइ सुविधा बिस्तार र व्यवस्थित गर्न बिरिङ, कमला, कन्काई नदी सिँचाइको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार पार्नेबारे दुवै मुलुकका सरकारी अधिकारीबीच हस्ताक्षर भएको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव दिनेशकुमार घिमिरे र चाइना कम्युनिकेसन कन्स्ट्रक्सन कम्पनीका डेपुटी जनरल म्यानेजर लिउ दोङ ग्युआनले यस विषयको समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको हो।

यसै गरी नेपालमा उत्पादित फलफूल भण्डारण र फलफूल उद्योग स्थापना गर्नेबारे दुवै मुलुकको निजी क्षेत्रबीच सम्झौता भएको छ। सो अवसरमा गृहमन्त्री रामबहादुर थापा, ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुन र भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठसहित अन्य सरकारी अधिकारी उपस्थित हुनुहुन्थ्यो। सो जमघटलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले द्विपक्षीय लगानी र सहकार्यबाट मुलुकले छिट्टै आर्थिक समृद्धि हासिल गर्ने बताउनुभयो।

## गोरखा दरबारमा पारसको पूजा

गोरखा, (नेस)

पूर्वयुवराज पारस शाहले गोरखा दरबार र गोरखनाथ मन्दिरमा पूजाअर्चना गरेका छन्। मंगलबार गोरखा आएका पारशले बुधबार बिहान साँढे ९ बजेदेखि साँढे १० बजेसम्म एक घण्टा भूकम्पले ध्वस्त दरबारमा विशेष पूजाआजा गरेका हुन्। गोरखकाली मन्दिर शाह वंशको कुलदेवताको मन्दिरसमेत हो।

'गोरखकालीको पूजा र गोरखनाथ बाबाको आशिर्वाद लिन उहाँ गोरखा आउनुभएको हो।' -पारसका निकट विक्रम सिंहले भने।

गणतन्त्र घोषणापछि पहिलोपटक गोरखा आएका पारसले गोरखा दरबारको अवलोकन तथा पूजाआजा गरेपछि गोरखा संग्राहलय अवलोकन गरे। आधा घण्टा समय संग्राहलयमा बिताएका पारसले शाह वंशीय राजाहरूको इतिहास र पुराना हातहतियारबारे चासो राखेका थिए। उनले सबैभन्दा धेरै हातहतियारबारे चासो राखेर हेरचाह अड्डाका कर्मचारीहरूलाई सोधपुछ गरेका थिए।

उनलाई कमल थापा र पशुपतिशमशेर जबरा नेतृत्वको राप्रपाका कार्यकर्ता र राजावादीहरूले लक्ष्मीबजारदेखि मोटरसाइकल र्‍यालीसँगै गोरखा दरबार पुर्‍याएका थिए। दरबारमा बाजागाजाका साथ उनलाई स्वागत गरिएको थियो। पारस आफैंले भने भ्रमण र पूजाआजाबारे केही बोलेनन्। शाह बुधबार नै काठमाडौं फर्कने कार्यक्रम रहेको छ।

## मूल्य वृद्धिको तरुण दलद्वारा विरोध

**विजय नेपाली, पोखरा**

प्रधानमन्त्री केपी ओली सरकारले चरम मूल्य वृद्धि गरेको भन्दै पोखरामा नेपाल तरुण दलले विरोध गरेको छ। सरकारले मूल्य वृद्धि, प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप, सरकारको निरंकुश चरित्रविरुद्धमा तरुण दल कास्कीले विरोध र्‍याली गरेको हो।

नेपाली कांग्रेस पार्टी कार्यालयबाट शुरू भई महेन्द्रपुल हुँदै बीपी चोकमा पुगी कोणसभामा परिणत भएको थियो। उक्त विरोधसभाको सम्बोधन गर्दै नेपाल तरुण दल पोखरा लेखनाथ नगर सभापति महेन्द्र पुनले कम्युनिस्टको तानाशाही शासनले गर्दा आम नेपाली जनताले दु:ख खेप्नुपरेको बताए। जनताले विश्वास गरेर दिएको मतको कदर नभएको भन्दै खबरदारी गरेका थिए।

सोही क्रममा बोल्दै नेपाल तरुण दल पर्वत जिल्ला सभापति राज मल्लले अधिनायकवादी कम्युनिस्ट शासनले प्रेस स्वतन्त्रतामाथि नै हस्तक्षेप गर्दै कानुन नै आफ्नो हातमा लिएको बताउँदै विधिको शासनमा गए साथ दिने र जनतालाई दु:ख दिए तरुण दल चुप लागेर नबसी देशभर नै आन्दोलन चर्काउने चेतावनी दिएका छन्। ओली सरकारको दमनकारी नीतिका लागि नेविसंघले गरेको आन्दोलनमा तरुणदलले साथ दिँदै लाचार सरकारलाई ढाल्ने तरुण दल क्षेत्र न. २ का क्षेत्रीय सभापति दीपक गुरुङ 'माइला'ले बताए। 'उखान टुक्काले मात्र देश चल्दैन जनताको अधिकार जनतालाइ दिनुपर्छ, ज्यादति र महँगीले जनतालाई दु:ख दिन पाइँदैन सरकारले महँगी तत्काल नघटाए आन्दोलन थप चर्काउनेछौं।' -उनले बताए। प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप बन्द गर्दै मूल्य वृद्धि तत्काल घटाउनुपर्ने मागसहित विरोध गरेका थिए।

## संसदीय...

प्रतिनिधिसभामा अर्थ समिति, अन्तर्राष्ट्रिय सम्बन्ध समिति, उद्योग वाणिज्य तथा श्रम तथा उपभोक्ता हित सम्बन्ध समिति, कानुन न्याय तथा मानव अधिकार समिति, कृषि सहकारी तथा प्राकृतिक स्रोत समिति, महिला तथा सामाजिक समिति, राज्य व्यवस्था तथा सुशासन समिति, विकास तथा प्रविधि समिति, शिक्षा तथा स्वास्थ्य समिति र सार्वजनिक लेखा समिति रहेका छन्।

त्यसै गरी राष्ट्रिय सभामा दिगो विकास तथा सुशासन समिति, विधायन व्यवस्थापन समिति, प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति र राष्ट्रिय सरोकार तथा समन्वय समिति रहेका छन्। समितिको मन्त्रालयगत कार्यक्षेत्रका साथै आयोग, बोर्ड तथा परिषद् हेर्ने अधिकार पनि प्रस्ट उल्लेख छ। महिला तथा सामाजिक समितिले १ मन्त्रालय र अरू ७ वटा आयोग हेर्नुपर्नेछ।

त्यसै गरी राज्य व्यवस्था तथा सुशासन समितिले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित ४ मन्त्रालय, ३ आयोग र शान्ति प्रक्रिया हेर्ने छ।

अन्तर्राष्ट्रिय सम्बन्ध समितिले सबैभन्दा थोरै २ वटा मन्त्रालय मात्र हेर्नेछ, उसले परराष्ट्र र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको क्षेत्राधिकार समेटेको छ। नेपाली कांग्रेसका प्रतिनिधिसभाका प्रमुख सचेतक बालकृष्ण खाँणले जेठ २७ गते एक सूचना जारी गरी सांसदहरूलाई ३ दिनभित्रमा आफूले चाहेका ३ वटा समितिको नाम प्राथमिकताका आधारमा छान्न एक सूचना जारी गर्नुभएको थियो।

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का सांसद् भानुभक्त ढकालले समितिमा बस्नका लागि सांसदको नाम र समिति छनोटको प्रक्रिया अघि बढेको बताउनुभयो। ढकालले भर्खरै मात्र प्रतिनिधिसभा र राष्ट्रिय सभा नियमावली पारित भएकाले समिति गठन गर्न ढिलो नभएको बताउनुभयो।

संसद सचिवालयका प्रशासन महाशाखाका सहसचिव सुरजकुमार दुराले राजनीतिक दलले समितिमा रहने सदस्यको नाम बुझाए सचिवालयले केही दिनमै समिति गठन भएको सूचना जारी गर्ने बताउनुभयो। उहाँले सचिवालयले यससम्बन्धी तयारी गरिसकेको पनि जनाउनुभयो।

सचिवालयका सहसचिवलाई समितिको सचिवको जिम्मेवारी दिइने प्रचलन छ। सचिवालयमा १३ सहसचिव रहेको र समिति संख्या त्योभन्दा बढी रहेकाले कामको चापलाई ध्यान दिई कुनै सचिवलाई २ वटा समिति दिन सकिने पनि जनाउनुभयो। दुराले सचिवको आवश्यकता परे 'सिनियर' उपसचिवलाई पनि सचिवको जिम्मेवारी दिने तयारी रहेको प्रस्ट पार्नुभयो।

## भार...

यन्त्र जडानका लागि परामर्शदातासँग छलफल भइरहेको उहाँको भनाइ थियो।

बीपी राजमार्गमा बेलाबखत ओभरलोड बोक्ने सवारीसाधनलाई प्रहरीले कारबाही गर्ने गरे पनि नियमितरूपमा अनुगमन हुन सकेको छैन। सडक विभागले पटक-पटक सवारीको अनुगन गरे पनि व्यवसायीले मापदण्डको बेवास्ता गर्दै ओभरलोड गाडी सञ्चालन गरिरहेका छन्।

भार मापन यन्त्र नहुँदा निर्वाधरूपमा ओभरलोडका सवारीसाधन सञ्चालन भएको भन्दै सरकारले सडकमा यन्त्र जडान गर्न लागेको हो। आधुनिक प्रविधियुक्त मेसिनले गाडीको पछाडिपट्टिको दुवै चक्का गुडेपछि सवारीको तौल दिन्छ। सवारीसाधनको तौल, सवारीको नम्बर र समय मापन यन्त्रमा जडान गरिएको हुन्छ, यन्त्रको निर्माण गरिरहेको यार्सा टेक्नोलोजी प्रालिका सञ्चालक रामचन्द्र खड्काले केही समयपछि नै परीक्षण गरेर आवश्यकताअनुसार सञ्चालनमा ल्याउन सकिने बताउनुहुन्छ।

उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'सेन्सरसहितको मेसिन सडकमा जडान गरेपछि गाडी गुडिरहेको अवस्थामा पनि भार मापन गर्न सकिन्छ।' आवश्यकताअनुसार भार मापन गर्ने यन्त्र निकाल्न र हाल्न मिल्छ। सञ्चालक खड्काले एउटा भार मापन यन्त्रको मूल्य करिब २० लाख रुपियाँ पर्ने बताउनुभयो।

यन्त्रमा सेन्सर, कम्प्युटर, सिसी क्यामेरासहितको सफ्टवयर जडान गरिएको हुन्छ, सामान्य तालिम लिने व्यक्तिले नै यो सञ्चालन गर्न सक्ने खड्काले बताउनुभयो। यस्तो सवारी यन्त्र १० वर्षसम्म सञ्चालन गर्न मिल्ने गरी निर्माण भइरहेको बताउँदै उहाँले यन्त्रमा जडान हुने उपकरण आधा विदेशबाट आयात गरिने र आधा नेपालमा नै पाइने बताउनुभयो।

भार क्षमता मापन गर्ने यन्त्र अस्थायी र स्थायी दुवै प्रकारको सडकमा जडान गर्न सकिन्छ। यन्त्रले ३० टनसम्मको भार मापन गर्न सक्छ। सरकारले बीपी राजमार्गमा धेरै भार भएका सवारीसाधन सञ्चालन गर्न नमिल्ने बताउँदै आएको छ भने बीपी राजमार्ग हुँदै विभिन्न जिल्लामा आवत-जावत गर्ने सवारी व्यवसायीहरूले भने निर्वाधरूपमा सवारी सञ्चालन गर्न पाउनुपर्ने माग गर्दै आएका छन्। सर्वोच्च अदाताले १० टनभन्दा बढी क्षमताको सवारीसाधनलाई सञ्चालन नगर्न अन्तरिम आदेश दिएपछि ठूला सवारीसाधन सञ्चालन हुन पाउनुपर्ने माग राख्दै रामेछापका व्यवसायी आन्दोलनमा उत्रिएका छन्।

सरकारले केही समयअघि बीपी राजमार्गमा १८ सिटसम्मका सार्वजनिक बस मात्रै चलाउन पाउने निर्णय उल्ट्याएको थियो। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले यसअघिको निर्णयलाई उल्ट्याउँदै बीपी राजमार्गमा ठूला गाडी चल्न दिने निर्णय गरेको थियो। तर, सर्वोच्च अदालतको अन्तरिम आदेशले उक्त निर्णय कार्यान्वयमा आउन सकेको छैन।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले यातायात व्यवसायीले बीपी राजमार्गमा ठूला गाडी चलाउन पाउने मागलाई पूरा गर्दै ३२ सिट क्षमता भएका ठूला गाडीका लागि रुट इजाजत दिने निर्णय गर्नुभएको थियो।

महोत्तरी, धनुषा, सिन्धुली, रामेछाप र काभ्रे जिल्लालाई जोड्ने बीपी राजमार्ग जापान सरकारको आर्थिक सहयोगमा निर्माण गरिएको थियो। जटिल भौगोलिक संरचनामा निर्माण गरिएको बीपी राजमार्गलाई चार खण्डमा विभाजन गरी २०५२ सालदेखि निर्माण शुरू गरिएको थियो।

जसअन्तर्गत पहिलो खण्ड बर्दिबास-सिन्धुलीमाढी ३७ किलोमिटर, दोस्रो खण्ड सिन्धुलीमाढी-खुर्कोट ३६.५ किमि, तेस्रो खण्ड खुर्कोट-नेपालथोक ३६.५ किमि र चौथो खण्ड नेपालथोक-धुलीखेल ५० किमि सडक गरी बीपी राजमार्गको दूरी १ सय ६० किलोमिटर रहेको छ।

जटिल भौगोलिक संरचना तथा सडकको चौडाइ ४ मिटर मात्र भएकाले राजमार्गमा साना सवारी र १० टन क्षमता भएका सवारीलाई मात्र रुट इजाजत दिने गरिएको थियो।

सडकको हालको संरचनालाई जोगाउन हाल सडक मर्मत र स्तरोन्नतिको काम हुँदै आएको छ। ओभरलोडको सवारीसाधन सञ्चालन हुँदा बीपी राजमार्ग मर्मत गर्न मात्र वार्षिक १ करोडभन्दा बढी खर्च हुँदै आएको छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय काभ्रेका अनुसार हाल बीपी राजमार्गमा साना-ठूला गरी दैनिक ३ हजार सवारीसाधन आवत-जावगत गर्ने गरेका छन्। बीपी राजमार्गको संरचना बिग्रिनुको मुख्य कारण ओभरलोड ट्रिपर नै भएको सडक विभागले बताएको छ।

## धरहराको...

काठमाडौं महानगरपालिकाको स्वामित्वमा रहेको धरहरा विभागले वा कामपाले बनाउने भन्ने विषयमा विवाद भएपछि अन्ततः प्राधिकरणले बनाउने निर्णय गरेको थियो।

नयाँ डिजाइनअनुसार धरहराको लागत करिब ४ अर्ब रहने मानन्धरले बताउनुभयो। करिब १ अर्ब २५ लाख रुपियाँमा धरहराको मुख्य भाग निर्माण हुनेछ।

त्यसपछि हुलाक सेवा विभाग र टक्सारको जग्गा ओगटेर फाउन्डेसन, पार्क, वेसमेन्ट निर्माण गरिनेछ। ४२ रोपनी जमिनमा निर्माण हुने धराहराको २ वर्षभित्र सम्पन्न गर्ने लक्ष्य रहेको प्राधिकरणका प्रवक्ता कृष्णप्रसाद दुवाडीले जानकारी दिनुभयो।

अब बन्ने नयाँ धरहरा २२ तल्लाको हुनेछ। त्यसको उचाइ १ सय ४५ फिट हुने छ। अपांगमैत्री धरहरामा वृद्धवृद्धाका लागि छुट्टै व्यवस्था रहनेछ। दुई वटा लिफ्टसहितको नयाँ संरचनामा ८ जना चढ्ने र ८ जना ओराल्ने व्यवस्था हुनेछ। भर्‍याङ चढ्नेका लागि छुट्टै व्यवस्था गरिएको प्राधिकरणले जनाएको छ

धरहरा निर्माणका लागि नेपाल टेलिकमले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत १ अर्ब रुपियाँ दिने प्रतिबद्धता जनाइसकेको छ भने 'म बनाउँछु मेरो धरहरा' अभियानमा २४ करोड रुपियाँ संकलन भइसकेको छ। धरहरा पुनर्निर्माण गर्न काठमाडौं महानगरपालिकाले करिब दुई साताअघि वरपरका संरचना भत्काइसकेको छ।

धरहरा पुनर्निर्माण गर्न हतारमा देखिएको प्राधिकरणले तीन प्रकारको माटो परीक्षण सम्पन्न गरिसकेको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो अघिल्लो कार्यकालमा भूकम्पले ध्वस्त बनाएको धरहरा पुनर्निर्माणका लागि 'म बनाउँछु मेरो धरहरा' अभियान आरम्भ गर्नुभएको थियो।

२०७२ साल फागुन ४ गते आरम्भ भएको यो अभियान सरकार परिवर्तनसँगै सुस्ताएको थियो। ओली प्रधानमन्त्री भएपछि प्राधिकरण पुनः तातेको छ। ओली सरकारकै कार्यकालमा धरहरा पुनर्निर्माण गर्ने अठोट लिएको थियो। सोहीअनुसार प्राधिकरण तातेको हो।


## वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको अनलाईन बोलपत्र (इ-टेण्डर) आव्हानको सूचना ।

यस प्रतिष्ठानलाई आवश्यक Stationery Items, Cleaning Items, Office goods, Hospital materials, Glassware Items, Hemodialysis Materials सामागीहरू छुट्टा छुट्टै बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त फर्म, संस्था तथा कम्पनी बाट फर्म दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र र आ.व. ०७३।०७४ को करचुक्ता प्रमाणपत्रको स्क्यान प्रति सहित अनलाईन बोलपत्र (e-tender) आव्हान गरिएको छ । अनलाईन बोलपत्र सम्वन्धी बिस्तृत सूचना, ठेक्का पट्टाका शर्तहरू, फाराम भर्ने तरिका आदि बारे सार्वजनिक खरिद अनुगमन कार्यालयको बोलपत्र सम्वन्धी वेबसाइट www.bolpatra.gov.np/egp मा राखिएको छ । सोही सूचना, शर्त आदिको आधारमा अनलाईन ई-बोलपत्र मिति २०७५।०४।०६ गते (तदनुसार जुलाई २२, २०१८) दिउंसो १२:०० बजे भित्र पेश गर्न सूचित गरिन्छ । ई-बोलपत्र प्रकाशित मिति २०७५।०३।०७, ई-बोलपत्र खोल्ने मिति र समय २०७५।०४।०६ अपरान्ह २:०० बजे ।

| सि.नं. | बोलपत्रको बिवरण | फारम दस्तुर | जमानत रकम |
|---|---|---|---|
| १ | Stationery Items (IFB No.: BPKIHS/074/075/040) | रु. ३,०००।- | रु. १,०९,५०० ।- |
| २ | Cleaning Items (IFB No.: BPKIHS/074/075/045) | रु. ३,०००।- | रु. १,३०,५०० ।- |
| ३ | Office Goods (IFB No.: BPKIHS/074/075/044) | रु. ३,०००।- | रु. १,२६,५०० ।- |
| ४ | Hospital Materials (IFB No.: BPKIHS/074/075/051) | रु. ५,०००।- | रु. ५,७६,००० ।- |
| ५ | Glassware Items (IFB No.: BPKIHS/074/075/048) | रु. ३,०००।- | रु. १,२३,००० ।- |
| ६ | Hemodialysis materials (IFB No.: BPKIHS/074/075/052) | रु. ३,०००।- | रु. ४,०१,००० ।- |